# स्थानीय राजपत्र


मंगलसेन नगरपालिका, अछामद्वारा प्रकाशित

| खण्ड २ | संख्या १० | मितिः २०७५/०२/२८ |
|---|---|---|


**भाग २**

**मंगलसेन नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (२) बमोजिमको मंगलसेन नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरीएको छ ।

सम्वत् २०७५ सालको कार्यविधि संख्या १०

# पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७५

**परिचय :**

नेपालको कृषि प्रणालीमा पशुपंक्षीपालन व्यवसायको महत्व अनादीकाल देखि आजसम्म रही आएको छ । पशुपालन व्यवसाय नेपालको ग्रामिण अर्थतन्त्रको आधारशिला हो भन्दा अतिशयोक्ति नहोला । मानव सभ्यताको प्रारम्भिककाल देखि नै यस व्यवसायले नेपालीको जीविकामा प्रत्यक्ष प्रभाव पार्दै आईरहेको छ, आधुनिक प्रविधिको विश्वव्यापिकरणसँगै पशुपालन क्षेत्र पनि व्यवसायीकरणको संघारबाट अगाडी बढ्दै छ । जनसंख्या बृद्धिको

चाप, भू-खण्डिकरण र उर्वर भूमिको विनाशले जन्माएका जटिलताले गर्दा सघन व्यवसायिक पशु उत्पादन आजको आवश्यकता भैसकेको छ। पशुपालन व्यवसायलाई विविधिकरण, व्यवसायिकरण, आय तथा रोजगार मूलक र सम्मानित पेशाको रुपमा स्थापित गरी राष्ट्रिय उत्पादनमा योगदान पुऱ्याउँन दीर्घकालिन नयाँ र सकारात्मक सोचका साथ अगाडी बढ्न आजको अपरिहार्यता भैसकेको छ।

यस नगरपालिकाको क्षेत्र भित्रका स्थानिय तथा वर्णशंकर पशुपंक्षीको उत्पादनशिलता तथा उत्पादकत्व बढाई पशुजन्य पदार्थको उपलब्धतामा सहज बनाउँनु यस क्षेत्रको पहिलो प्राथमिकता हो। हाम्रा पशुपंक्षीहरुको वर्तमान उत्पादन क्षमता राष्ट्रव्यापी रुपमा मूल्यांकन गरी थप स्पष्ट र सुदृढ नीति तथा कार्यक्रमा ल्याउँन कार्यक्रम संचालन सम्बन्धि कार्यविधिको महशुस गरी **"पशु सेवा कार्यक्रम संचालन कार्यविधि-२०७५"** तयार परिएको छ।

**सोच** (**Vision**) : "पशुपंक्षि क्षेत्रको दीगो विकासद्धारा सम्प्रभु र समृद्ध नगरपालिका"

**लक्ष्य** (**Mission**) : "दीगो पशुपंक्षीजन्य उत्पादनका माध्यामले नगरपालिकालाई खाद्य तथा पोषणमा आत्मनिर्भर बनाई उच्च आर्थिक बृद्धिदर हाँसिल गर्ने"

**उद्देश्य** (**Objective**) : "पशुपालन व्यवसाय अर्न्तगत यस नगरपालिकाका उद्देश्यलाई निम्न अनुसार विभाजन गरी निर्धारण गरिएको छ"।

**दीर्घकालिन उद्देश्यहरु :**

- परम्परागत एवं निर्वाहमूखि पशुपंक्षी पालनलाई व्यवसायीकरण गर्दै नगरपालिकालाई पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाई आयात प्रतिस्थापित गरी निर्यातमा प्रबर्द्धन गर्ने।

- पशुपंक्षी उत्पादक नीजि फार्म, समूह, सहकारी संस्था, कृषक एवं उद्यमीहरुलाई स्थानीय तहबाटै एकिकृत रुपमा प्राविधिक सेवा, उन्नत नश्ल/दाना/आहारा, पशु स्वास्थ्य सेवा, सुलभ कृषि ऋणकालागि सिफारिस र पशुबिमा जस्ता सेवा उपलब्ध गराउँने ।
- नगरपालिकालाई दुध, दुग्धजन्य पदार्थ, मासु, अण्डा उत्पादन र उपभोगमा आत्मनिर्भर बनाई कुपोषण न्यूनिकरण गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउँने ।
- पशुपंक्षीपालन व्यवसायलाई महिला तथा युवा स्वरोजगारको माध्यम बनाई उनिहरुको पशुजन्य पदार्थको उत्पादन प्रशोधन, व्यवस्थापन, बजारीकरण जस्ता कार्यमा लाग्न प्रोत्साहन गरी थप रोजगारी सृजना गर्दै राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउँने ।
- आर्थिक तथा जनस्वास्थ्यको दृष्टिकोणले महत्वपूर्ण पशुपंक्षी रोगहरुको रोकथाम, नियन्त्रण गरी स्वच्छ पशुजन्य पदार्थ उत्पादन बृद्धि गर्ने ।
- कृषक समूदाय र उद्यमीहरुकालागि भरपर्दो सेवा उपलब्ध गराउँन किसानको साथीको रुपमा मंगलसेन नगरपालिकालाई विकास गर्ने ।

**अल्पकालिन उद्देश्यहरु :**

**उपरोक्त उद्देश्यहरु पूर्ति गर्न यस नगरपालिकाले निम्नलिखित रणनीतिहरु अपनाउँने छ ।**

- दीर्घकालिन कृषि रणनीतिले मार्ग दर्शन गरेका सिद्धान्त बमोजिम स्थानिय श्रोत साधान सम्भाब्यताको आधारमा जिल्ला भित्रका विभिन्न क्षेत्रलाई पशुपालन क्षेत्रको रुपमा विकास र विस्तार गर्न पशु स्वास्थ्य, प्रजनन्, नश्ल सुधार, आहारा विकास, तालिम,

भ्रमण आदी कार्यक्रम एकिकृत प्याकेजको रुपमा लागु गरी कार्यान्वयन गर्ने ।

- नगरपालिका क्षेत्र भित्र पशु स्वास्थ्य सेवाको समूचित व्यवस्था गर्न प्रयोगशाला सेवा, उपचार सेवा, रोग निरोधात्मक खोप सेवा, पशु स्वास्थ्य घुम्तिकोषको व्यवस्था गरी लागु गर्ने ।
- स्थानिय पशुमा गुणात्मक सुधार ल्याई तिनीहरुको उत्पादन क्षमतामा बृद्धि ल्याउँन पशु प्रजनन् तथा नश्ल सुधारको कार्यक्रम संचालन गर्ने ।
- पशु आहाराको समुचित विकास गर्न तथा वातावरणीय सन्तुलनमा ह्रास आउँन नदिन घाँस, डाले घाँस तथा चरन विकास जस्ता कार्यक्रमहरु संचालन गर्ने ।
- जनस्वास्थ्यमा असर पार्ने जुनोसिस रोगहरुबाट सावधानी अपनाउँन स्कूल प्रशारण शिक्षा, भेटरिनरी निरिक्षण, मासु निरिक्षण आदी कार्य संचालन गर्ने ।

**मंगलसेन नगरपालिकाबाट संचालन गरिने कार्यक्रमहरु :**

**विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यसको नाम : पशु सेवा कार्यक्रम संचालन कार्यविधि- २०७५** रहनेछ ।

## पशु स्वास्थ्य कार्यक्रम

### १. पशु स्वास्थय तथा नियमन कार्यक्रम

- ऐन नियम,मापदण्डहरुको कार्यान्वयन तथा अनुगमन
  - नगरपालिकामा अवस्थित भेटेरिनरी औषधि पसल निरिक्षण र नमूना संकलन तथा प्रेषण (संख्या) ।
  - नगरपालिका अन्तर्गत व्यवसायीक पशुपंक्षी फार्म, ह्याचरी, दाना उद्योग आदी निरिक्षण, विवरण संकलन तथा प्रेषण ।

- भेटेरिनरी निरिक्षण कार्यको प्रतिवेदन पठाउँने (पटक) ।
    - पशुबधशाला/बधस्थल/मासु पसल निरिक्षण र सुपरिवेक्षण तथा नमूना संकलन तथा प्रेषण (संख्या)
    - पशु हाटबजारमा ल्याईएका पशुहरुको स्वास्थ्य अनुगमन (संख्या)
    - पशु स्वास्थ्य कर्मी दर्ता तथा परिचालन (पटक)
    - पशुपंक्षी फार्म दर्ता अभिलेखिकरण (पटक)
    - पशु स्वास्थ्य प्रमाणिकरण (संख्या)
    - भेटेरिनरी ऐन नियम,मापदण्ड सम्बन्धि चेतनामूलक कार्यक्रम/गोष्ठि (पटक)
    - पशु कल्याण सम्बन्धमा नगरपालिका स्तरमा सरोकारवालाहरुसँग अन्तक्रिया गोष्ठि (पटक)
    - National veterinary service/WTO/SPS/HPEDs/Zoonotic disease/ Prudent use of veterinary drugs/Bio security सम्बन्धि चेतनामूलक कार्यक्रम/गोष्ठि (पटक)

**१.१ पशु रोग रिपोटिङ्ग**

१. मासिक इपिडिमियोलोजिकल रिपोर्टिङ्ग (पटक)

२. रिउमर भेरिफिकेशन र फ्ल्यास रिपोर्टिङ्ग (पटक)

३. खोरेत, पि.पि.आर., स्वीन फिवर, रेविज रोगको नगरपालिका स्तरको प्रोफाईल तयार पारी तथ्यांक व्यवस्थापन .

४. प्रयोगशाला परिक्षण

५. नमूना संकलन तथा परिक्षण (संख्या)

६. नमूना सम्प्रेषण (संख्या)

७. इपिडेमिकल तथा आकस्मिक रोग नियन्त्रण (पटक)

८. पशुपंक्षीको पहिचान र अभिलेखिकरण

९. पशुपंक्षी पहिचान र फार्म दर्ता (संख्या)

१०. अवैध पशुपंक्षी तथा सामाग्रीको व्यवस्थापन कार्यक्रम (पटक)

११. खोरेत रोग सर्भिलेन्स तथा रिपोर्टिङ्ग (पटक)

**१.२. निक्षेपित पशु स्वास्थ्य सेवा कार्यक्रम उपचार सेवा (संख्या)**

१. मेडिकल उपचार

२. माईनर सर्जिकल उपचार

३. मेजर सर्जिकल उपचार

४. गाईनाकोलोजिकल उपचार

**रोग निदान सेवा (सेवा)**

- पिसाव परिक्षण
- रगत परिक्षण
- पारासाईटोलोजिकल परिक्षण
- छ्याला परिक्षण
- क्षयरोग परिक्षण
- खोरेत, पि.पि.आर., रेबिज, एभियन इन्फ्लुएन्जा, स्वाईन फिवर, ब्रूसेलोसिस्, रानिखेत लगायतका अन्य रोगको नमूना संकलन तथा प्रेषण

**रोग नियन्त्रण सेवा :**

- खोरेत रोग बैंकसँग सहकार्य गरी खोरेत रोग प्रकोप नियन्त्रण गर्न खोप कार्यक्रम

- खोरेत रोगको प्रकोप बारम्बार देखा पर्ने, मिसन ए.आई.कार्यक्रम संचालन भएका, व्यवसायीक कार्यक्रम संचालन भएको क्षेत्रमा अनिवार्य खोरेत रोग नियन्त्रण विशेष कार्यक्रम
- रोग निरोधक खोप कार्यक्रम (रानिखेत, स्वाईन लफिबर, रेबिज, रानिखेत, पि.पि.आर., एच.एस., बि.क्यू., गम्बारो (संख्या)
- परजिवी नियन्त्रण कार्यक्रम
- बर्डफ्लु सर्भिलेन्स तथा रिपोर्टिं कार्यक्रम

**भेटेरिनरी प्रसार सेवा (गोष्ठि,बैठक)**

- पशु स्वास्थ्य, जनस्वास्थ्य तथा पशु कल्याण सम्बन्धि स्कूल प्रशारण शिक्षा
- पशु स्वास्थ्य शिविर
- रेबिज रोग दिवस, विश्व भेटेरिनरी दिवस मनाउँने

**जोखिम खोप सेवा**

- नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई पशु उपचार तथा रोग नियन्त्रणको क्रममा हुन सक्ने दुर्घटनामा प्राविधिकलाई रोग सर्नबाट रोकथाम गर्न जोखिम खोप कार्यक्रम (जस्तै : रेबिज खोप)

**तालिम**

- पशु स्वास्थ्य सम्बन्धि (टाड्स रोग, जुनोटिक रोग, बायोसेकुरिटि आदी)

**पशु स्वास्थ्य साझेदारी कार्यक्रम (सख्या, पटक)**

## २. पशु उत्पादन कार्यक्रम

<table>
<tr><th>क्र. सं.</th><th>कार्यक्रम</th><th>कृयाकलाप</th><th>कैफियत</th></tr>
<tr><td colspan="3">चरन तथा पशु आहारा कार्यक्रम</td><td></td></tr>
<tr><td rowspan="9">१.</td><td rowspan="9">पशु प्रजनन् सेवा</td><td>प्राकृतिक गर्भाधान सेवाको अभिलेख राख्ने</td><td></td></tr>
<tr><td>प्रजनन् योग्य भाले जनावर वितरण (गाई, भैंसी बाखा बंगुर)</td><td></td></tr>
<tr><td>कमसल भाले जनावरको बन्ध्याकरण गर्ने वा हटाउँने</td><td></td></tr>
<tr><td>प्रजनन् योग्य भाले जनावर साटासाट</td><td></td></tr>
<tr><td>बढी दुध दिने गाई भैंसीको छनौट तथा टयागिं</td><td></td></tr>
<tr><td>पाडापाडी हुर्काउँने</td><td></td></tr>
<tr><td>थारा भैंसी व्यवस्थापन</td><td></td></tr>
<tr><td>भैंसी बंश सुधार कार्यक्रम</td><td></td></tr>
<tr><td>तथ्यांक संकलन,कम्पाईल तथा रिपोर्टिं</td><td></td></tr>
<tr><td rowspan="5">२.</td><td rowspan="5">पशु आहारा सेवा</td><td>हिउँदे घाँसेबालीको बिउ (टियोसेन्टी, जैं, बर्सिम, भेच, बाजरा, मकै अन्य) वितरण</td><td></td></tr>
<tr><td>वर्षे घाँसको विउ (टियोसेन्टी,जैं,बर्सिम, भेच, बाजरा, मकै अन्य) वितरण</td><td></td></tr>
<tr><td>बहुवर्षिय घाँसेबाली (स्टाईलो, मोलासेसे्, नेपियर, मोठ, मुलाटो, अमृसो, बदामे, पास्पालम, सेतो क्लोभर,</td><td></td></tr>
<tr><td>निजी क्षेत्रमा,सार्वजनिक क्षेत्रमा, सामूदायीक वनमा, कबुलियति वनमा,राजमार्ग र सहायक सडक छेउछाउ, पहिरो ग्रस्त क्षेत्र,</td><td></td></tr>
<tr><td>बाह्रै महिना हरियो घाँस प्रदर्शनी,</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | डाले घाँस नर्सरी स्थापना | |
| | | डालेघाँसको विरुवा वितरण | |
| | | चरन खर्क सर्भेक्षण र पहिचान,चरन खर्क व्यवस्थापन, खर्कमा सिंचाई तथा खानेपानी व्यवस्थापन, चरन विकास | |
| ३. | पशुपंक्षी श्रोत विकास कार्यक्रम | पाडापाडी पालन कार्यक्रम,गाई भैंसी बार्खाको श्रोतकेन्द्र स्थापना कार्यक्रम, उत्पादनशिल थारा भैंसी संरक्षण कार्यक्रम, | |
| | | व्यवसायीक गाई भैंसी,बाख्रा बंगुर युवालक्षित अनुदान कार्यक्रम | |
| | | व्यवसायीक फार्महरुको तथ्यांक संकलन, | |
| | | तथ्यांक संकलन ,अद्यावधिक र रिपोर्टि | |
| | जैविक विवधता संरक्षण कार्यक्रम | लोपोन्मूख अछामी नौमुठे गाई संरक्षण सम्बर्द्धन (In situ Conservation) कार्यक्रम | |
| | | अभिलेख तयार गर्ने,समूह समिती गठन गर्ने,जनचेतनामूलक गोष्ठि गर्ने,पशु आहार ा,पशु स्वास्थ्य,तथा प्रजनन कार्यक्रम | |
| | | स्थानिय संचार माध्यमहरुबाट जैविक विविधता संरक्षण सम्बन्धि प्रचार प्रसार | |
| | | पशु आनुवंशिकी श्रोत संरक्षण कार्यक्रम अन्तर्गत High value Product उतपादन तथा बजारीकरण सहकार्यमा | |
| | | कृषक तालिम | |
| ४. | पकेट प्याकेज कार्यक्रम | पकेट प्याकेज कार्यक्रम संचालन,सोको फलोअप, अनुगमन, रिपोटिङ्ग | |

| | | | |
|---|---|---|---|
| ६. | जनचेतना अभिबृद्धि कार्यक्रम | बाँझोपन निवारण शिविर | |
| | | अन्तक्रिया कार्यक्रम (समूह समिति) | |
| ७. | गोष्ठि, शिविर, प्रतियोगिता | योजना तर्जुमा गोष्ठि | |
| | | प्रतियोगिता (घाँस,दुध,राँगो साँढे पालन,व्यवशायीक फार्म | |
| ८. | पशुपंक्षी वितरण | बाख्रा वितरण,उन्नत गाई वितरण,बंगुर वितरण,कुखुरा चल्ला वितरण | |
| ९. | गुणस्तर व्यवस्थापन कार्यक्रम | पशुजन्य पदार्थ तथा उत्पादन सामाग्रीको नमूना संकलन तथा प्रेषण | |
| | | गुणस्तरिय पदार्थको महत्व बारे प्रचार प्रसार | |
| १०. | पशु बिमा प्रबर्द्धन कार्यक्रम | पशुहरुको बिमा गराउँन प्रोत्साहिन गर्ने । | |
| ११. | नीजि स्तरमा नयाँ फार्म स्थापना | गाई, भैंसी, बाख्रा, बंगुर, कुखुरा व्यवसायीक फार्म स्थापना | |
| १२. | गोठ, खोर निर्माण अनुदान | उन्नत प्रविधियुक्त गोठ खोर निर्माण अनुदान | |
| १३. | जलवायु परिर्वन र पशु विकास कार्यक्रम | जनचेतना, क्षमता अभिबृद्धि र घाँसमा आधारित व्यवसायीक पशुपालन मोडेल कार्यक्रम | |

| | | | |
|---|---|---|---|
| १४. | सूचना संकलन तथा प्रेषण | पशुपंक्ष तथ्यांक संकलन, अद्यावधिक तथा प्रेषण -प्रत्येक चौमासिकमा) | |
| | | पशुहरुमा खोप तथा परजिवी नियन्त्रण कार्यक्रम | |
| १५. | बाख्रा विकास कार्यक्रम | स्थानिय,उन्नत क्रस तथा उन्नत जातका बोका वितरण | |
| | | बाख्रा श्रोतकेन्द्रको तथ्यांक संकलन तथा रेकर्डि तथा व्यवस्थापन | |
| | | मनसुनमा अनिवार्य खोप तथा परजिवी नियन्त्रण कार्यक्रम (२ पटक) | |
| | | बाख्राकोलागि डिपिं टयांक निर्माण | |
| | | बाख्रा, खसी, बोका संकलन केन्द्र स्थापना | |
| | | व्यवसायीक फार्महरुको प्रोफायल तयारी | |
| | | बाख्राको रौं काट्ने सेरिं कैची वितरण | |

## ३. पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम

### १. पशु संकलन केन्द्र स्थापना :

जिवित पशुको बजारीकरण आफैमा चुनौतिपूर्ण र असहज कार्य हो त्यसमाथि हाम्रो जस्तो विषमता र बाटोघाटोको असुविधा भएको देशमा उत्पादित पशु जन्यवस्तुलाई बजारसम्म पहुच प्रदान गर्नु त्यति सहज देखिदैन । तथापि पशु उत्पादन पकेट क्षेत्रहरुको आसपासमा पायक पर्ने हिसाबले पशु संकलन केन्द्रको निर्माण र संचालनबाट पशु बजारीकरणमा टेवा पुग्ने देखिएकोले न.पा.को सम्भावनाको आधारमा खासगरी बाख्रा,बंगुर जस्ता साना पशुलाई लक्षित गरी पशु संकलन केन्द्र निर्माण तथा संचालनलाई प्राथमिकताकासाथ संचालन गर्ने । यसकालागि पशुपालक कृषक समूह,समिति,सहकारी,स्थानिय निकाय वा

व्यवशायीक संघ संस्थासँगको लागत साझेदारीमा पशु संकलन केन्द्र निर्माण सुधारकालागि प्रति संकलन केन्द्र रु.५ लाखका दरले कार्यक्रम प्रस्ताव गर्न सकिनेछ ।

**२. दुग्ध चिस्यान केन्द्र स्थापना**

घना आवादी भएको बजार उन्मूख बस्ती आसपासमा ग्रामिण भेगहरुमा दुग्ध उत्पादन र बिक्रि वितरणकालागि गाई भैंसी पाल्ने प्रचलनले व्यापकता पाएको छ । यसबाट एकतर्फ व्यवसायीक पशुपालनलाई बढवा मिलेको छ भने अर्को तर्फ शहर बजार केन्द्रित पुँजि ग्रामिण क्षेत्रमा प्रवाहित भई आर्थिक कृयाकलाप बृद्धि गर्न समेत मद्दत पुगेको छ । तर नेपालको भौगोलिक विषमता,यातायाातको असुविधा,माथि ठूलो पहाड देखि तल बेसीसम्म छरिएर रहेको मानव बस्तीका कारण देशको कूल उत्पादित दुधको सानो हिस्सामात्र (करिव १५ प्रतिशत ) नीजि तथा सरकारी डेरी प्रशोधन केन्द्रसम्म छैन । तसर्थ दुग्ध उत्पादक सहकारी संध संस्था वा व्यवसायीक फार्महरुसँगको समन्वयमा चिलिं भ्याट स्थापना गरी उत्पादित दुधको बजार सुनिश्चित गर्न सकियो भने प्रशोधन गरिने दुधमा परिमाण पनि बढ्दै जाने र उत्पादक कृषक एवं सहकारी संस्थाहरु समेत प्रोत्साहित हुने भएकोले न.पा.को सम्भावनाको आधारमा चिलिं भ्याट स्थापनाको कार्यक्रम प्राथमिकताको आधारमा संचालन गर्ने । यसकालागि दुग्ध उत्पादक कृषक समूह, समिति, सहकारी, संघ संस्थाहरु अथवा नीजि उद्यमी,व्यवसायीक फार्मसँगको लागत साझेदारीमा चिलिं भ्याट संचालनकोलागि निम्न बमोजिमको दरले कार्यक्रम प्रस्ताव गर्ने ।

प्रति ५०० लिटर क्षमताको रु. १ लाख ।

प्रति १००० लिटर क्षमताको रु. २ लाख ।

प्रति २००० लिटर क्षमताको रु. ३ लाख ५० हजार ।

### ३. मासु पसल सुधार

नगरपालिका तथा नगरोन्मूख बस्तीहरुमा रहेका अव्यवस्थित मासु पसलहरुका कारण एकातर्फ जनस्वास्थ्यमा नकारात्मक असर परिरहेको छ  भने अर्को तर्फ वातावरणिय प्रदुषणका कारण स्थान विशेषको सुन्दरता नै धारासायी भैरहेको पाईन्छ । आम उपभोक्ताको स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय मासु तथा मासुजन्य पदार्थ उपभोग गर्न पाउँने अधिकारको सुनिश्चितताको लागि समेत हाल संचालनमा रहेका वा नयाँ स्थापना हुने मासु व्यवसायी समिति र नीजि उद्यमी व्यवसायीहरुसँगको लागत साझेदारीमा मासु पसल निर्माण, सुधारको लागि प्रति पसल रु.१ लाखका दरले कार्यक्रम प्रस्तावित गर्ने ।

### ४. डेरी पसल सुधार

दुग्ध तथा दुग्ध जन्य पदार्थहरु मानवकालागि मात्र नभै रोग कारक जिवाणुहरुकालागि समेत पोषक युक्त आहारा भएकोले तिनको उचित भण्डारण तथा बिक्रि वितरण गरिएन भने छिट्टै बिग्रने र कतिपय अवस्थामा मानव स्वास्थ्यमा समेत प्रतिकूल असर पर्न सक्छ । नेपालमा विगत दुई दशक यता डेरी क्षेत्रमा उल्लेखनिय सुधार भए पनि कतिपय डेरी पसलहरु जनस्वास्थ्य र सरसफाईमा ध्यान नदिई संचालन गरेको पाईन्छ । दुग्धजन्य उत्पादनको माग र बिक्रिवितरण बढिरहको सन्दर्भमा सफा, स्वच्छ र व्यवस्थित डेरी पसल संचालन हुनु पर्ने आवश्यकतालाई मध्यनजर राख्दै नगरपालिका, सदरमुकाम तथा बजार क्षेत्रहरुमा डेरी पसल सुधारका कार्यक्रमहरु संचालन गरी स्वच्छ,स्वस्थ्य र गुणस्तरिय दुध तथा दुग्धजन्य पदार्थहरुको समूचित भण्डारण र बिक्रिबितरण सुनिश्चित हुनु अति आवश्यक छ । तसर्थ नगरपालिका वा नगर क्षेत्रका स्थानहरुमा हाल संचालनमा रहेका वा नयाँ स्थापना हुने गरी डेरी पसलहरुलाई स्तरोन्नती

एवं व्यवस्थित गर्नका लागि नगरपालिकाको सम्भावनाका आधारमा स्थानिय तह, दुग्ध व्यवसायी संघ, समिति, सहकारी संस्था, निजी उद्यमी, व्यवसायीहरुसँगको लागत साझेदारीमा डेरी पसल सुधारकालागि प्रति पसल रु.१ लाखका दरले प्रस्ताव गर्न सकिनेछ ।

**प्रस्ताव गर्न सकिने अन्य कार्यक्रमहरु :**

- नगरपालिका क्षेत्रको दुध,फुल र मासुको मासिक माग र आपुर्तिको विवरण संकलन तथा प्रेषण ।
- पशुपंक्षी तथा पशुपंक्षीजन्यको मासिक थोकमूल्य तथा खुद्रा मूल्य विवरण संकलन तथा प्रेषण ।
- पशुपंक्षी तथा पशुपंक्षीजन्यको आयात निर्यात विवरण संकलन तथा अद्यावधिक ।
- पशुपंक्ष बजार प्रबर्द्धनात्मक अन्तर्क्रिया गोष्ठि र सचेतनामूलक प्रचार प्रसार कार्यक्रम प्रचार प्रसार ।
- बजार अनुगमन तथा निरिक्षण कार्यक्रम ।
- नगरपालिकाको आवश्यकता एवं नबिन सोच युक्त अन्य सान्दर्भिक कार्यक्रमहरु ।

**४. पशु सेवा तालिम तथा प्रसार कार्यक्रम**

- अधिकृत र सहायक कर्मचारी स्तर तालिम
- कृषक स्तर (स्थलगत र न.पा.स्तर) १ दिने र ३ दिने तालिम
- उद्यमी स्तर तालिम

**बिबिध :** युवा लक्षित कार्यक्रम संचालन गर्दा,मासु पसल,डेरी पसल संचालनका कार्यक्रमहरु र कार्यक्रमसँग सम्बन्धित लाभान्वितहरु

छनौट, अनुगमन तथा मूल्यांकन गर्ने कार्य प्रयोजनका लागि नगरपालिकाको स्टाफ बैठकले तपशिलको समिति गठन गर्नेछ ।

**तपशिल :**

१. पशु सेवा शाखा प्रमुख.....................संयाजक

२. बैठकले तोकेको २ जना ....................सदस्य

उपरोक्त समितिले उपरोक्त कार्यक्रमहरुको स्थलगत अनुगमन मूल्यांकन गर्ने । समितले बैठकको निर्णय अनुमोदनका लागि नगर कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ । नगरकार्यपालिकाको बैठकले परिमार्जन गर्न आवश्यक ठानेमा परिमार्जन गरी अनुमोदन, निर्णग गरी कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित शाखालाई सिफारिस गर्नेछ ।

**प्रमाणीकरण मितिः २०७५/०२/२८**

**आज्ञाले,**
**गणेश प्रसाद जैसी**
**प्रमुख प्रशासकीय अधिकृत**